नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**
सिंहदरबार
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः०७७/७८(सा.स.सा.सु)च.नं. २९

मितिः२०७७।०८।०९

विषयः गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी सूचना सम्प्रेषण सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै)

प्रस्तुत विषयमा श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट यस मन्त्रालयलाई अनुरोध गरिएको मिति २०७७।८।३ को पत्र यसै साथ संलग्न गरिएको छ । यस सम्बन्धी विस्तृत व्यहोरा उक्त पत्रबाटै अवगत गर्नु भई गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी सूचना सम्प्रेषण गर्न सहयोग गरी दिनुहुन आदेशानुसार अनुरोध छ ।

तारा प्रसाद जोशी
शाखा अधिकृत

**बोधार्थः**
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र. मन्त्रालयः पत्र वेबसाईटमा अपलोड गरिदिन हुन अनुरोध।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई)

सिंहदरवार, काठमाण्डौ
फोन: ०१-४२००३२८
फ्याक्स: ०१-४२००११६

प.स. :०७७/०७८

च. नं:रा.म.उ.इ ८३

मिति: २०७७।०८।०३

श्री गृह मन्त्रालय ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
सिंहदरबार काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ काठमाडौं ।

विषय : गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी सूचना संप्रेषण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा आ.व २०७५/७६ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धार सम्बन्धी कार्य हुदै आएको व्यहोरा अवगत नै छ । श्रीमान् सचिवज्यूको संयोजकत्वमा बसेको हवाई उद्धार निर्देशक समितिको मिति २०७७/०७/२५गते बसेको बैठकमा "महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट नेपाली सेना ,स्थानीय स्वास्थ्य संस्था ,स्थानीय तह र जिल्ला प्रशासन कार्यलयसँग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार सम्बन्धी कार्य हुदै आएको व्यहोरा विदितै छ । यसरी हवाई उद्धार गरिएको विषय विभिन्न व्यक्ति, संघ ,संस्था तथा निकायको पहलमा उद्धार भएको भनी संचार माध्यमबाट सूचना / समचारहरु संप्रेषण हुनेगरेको पाईएको छ । यस्ता समचारहरु संप्रेषण हुदाँ वास्तविक रुपमा सेवा लिनुपर्ने लक्षित वर्गले उक्त सेवा लिन कँहा र कसरी सम्पर्क गर्ने भन्ने बारेमा दुविधा उत्पन्न भई सेवाग्राहीहरु प्रभावित हुने र यथार्थ सूचना तथा जानकारीबाट वन्चित हुने हुँदा समयमानै उद्धार र उपचार गर्ने कार्यमा समेत ढिलाई हुने र गर्भवती तथा सुत्केरी महिलाको ज्यान झनै जोखिममा पर्ने देखिएकाले हवाई उद्धारको समन्वय सिधै महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको राष्ट्रपति महिला उत्थान समन्वय इकाईकै पहलमा भैरहेको व्यहोरा सबैमा अनुरोध गर्दै यस्ता उद्धारका विषयका समचार संप्रेषण गर्दा सही जानकारी र सूचनाको एकरुपताका लागि यस मन्त्रालयको राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत हवाई उद्धार हुने / भएको भनी स्पष्ट जानकारी र सूचना संप्रेषण हुने व्यवस्थाका लागि सरोकारवाला निकायमा परिपत्र गर्ने" निर्णय भएकाले तँहा अन्तर्गतका सरोकारवाला निकायमा परिपत्र गर्ने व्यवस्थाका साथै उपरोक्तानुसारको निर्णय बमोजिमको सही सूचना सप्रेषण गरी सहयोग गरिदिनुहुनका लागि आदेशानुसार अनुरोध छ ।

हवाई उद्धार कार्यको लागि सम्पर्क र समन्वय
राष्ट्रपति महिला उत्थान समन्वय इकाई, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
अन्जु ढुंगाना प्रमुख महिला विकास अधिकृत (सम्पर्क व्यक्ति)
सम्पर्क नम्बर ९८५१२५५२५४
ईमेल pup.mowcsc@gmail.com

अन्जु ढुंगाना
प्रमुख महिला विकास अधिकत